# विशिष्टीकरण तालिकाका आधारमा प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपाली विषयमा सोधिएका प्रश्नहरूको अध्ययन


**प्रस्तुतकर्ता**

मोहन रेग्मी

परीक्षा क्रमाङ्क : २१४००३० (२०७०/२०१३)

क्याम्पस क्रमाङ्क : ७४ (२०६७/२०१०)

त्रि.वि. दर्ता नं. : ६-१-२१४-२५-२००५


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,

नेपाली भाषा शिक्षा विभागअन्तर्गत

स्नातकोत्तर तह द्वितीय वर्षको

नेपा.शि (५९८) पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

**शोधकार्य**


सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

कोसीहरैंचा, मोरङ

२०७३/२०१७

# प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत **विशिष्टीकरण तालिकाका आधारमा प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपाली विषयमा सोधिएका प्रश्नहरूको अध्ययन** शीर्षकको शोधपत्र ग्रन्थ अर्को प्रयोजनका लागि कहीँ कतै पेस नगरेको र अनुसन्धान कार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

....................................

मिति : २०७३/११/०२

मोहन रेग्मी
एम. एड्. दोस्रो वर्ष
नेपाली भाषा शिक्षा विभाग

# शोधनिर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ **विशिष्टीकरण तालिकाका आधारमा प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपाली विषयमा सोधिएका प्रश्नहरूको अध्ययन** शीर्षकको शोधपत्र मोहन रेग्मीले मेरो निर्देशनमा तयार पार्नुभएको हो । विधिमुताबिक तयार पारिएको यस शोधकार्यप्रति म सन्तुष्ट छु । अत : यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७३।११।०२

..................................

शोध निर्देशक

गेहेन्द्र खनाल

नेपाली भाषा शिक्षा विभाग

सकुना बहुमुखी क्याम्पस

कोसीहरैँचा, मोरङ

# शोधसार


शोधशीर्षक : विशिष्टीकरण तालिकाका आधारमा प्रवेशिका परीक्षा २०७० को अनिवार्य नेपाली विषयमा सोधिएका प्रश्नहरूको अध्ययन

शोधनिर्देशक : गेहेन्द्र खनाल

अध्याय : पाँच

सीमा : प्रवेशिका परीक्षा २०७० का प्रश्नहरूको मात्र अध्ययन गरिएको

शोध प्रक्रिया : व्याख्या र विश्लेषणात्मक पद्धति तथा पुस्तकालयीय अध्ययन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम. एड. दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो ।

मूलतः पुस्तकालयीय अध्ययनद्वारा तयार पारिएको प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतका रूपमा २०७० सालमा उपयोग गरिएका प्रवेशिका परीक्षाका प्रश्नहरूलाई सङ्कलन गरिएको छ । यसअन्तर्गत पाँच विकास क्षेत्र र पूरक परीक्षा दुबैमा प्रयोग गरिएका प्रश्नहरू सङ्कलित छन् । भाषा तथा पाठ्यपुस्तकविद्, विषयविज्ञ, बुद्धिजीवी, शिक्षक वर्ग आदिका सम्बन्धित विषयका पुस्तक, पत्रपत्रिका आदिलाई द्वितीय सामग्रीका रूपमा प्रयोग गरिएको छ । सङ्कलित सामग्री अध्ययनका लागि वर्णनात्मक र विश्लेषणात्मक पद्धति अङ्गीकार गरिएको छ ।

पाँच अध्यायमा विभाजित यस शोधपत्रको प्रथम परिच्छेदमा अध्ययनको परिचय प्रस्तुत गरिएको छ । यस शोधकार्यको दोस्रो परिच्छेदमा अध्ययनको सैद्धान्तिक पक्ष, अवधारणात्मक ढाँचा आदिलाई प्रस्तुत गरिएको छ । त्यस्तै यस शोधकार्यको तेस्रो परिच्छेदमा अध्ययनको ढाँचा, तथ्याङ्क सङ्कलन प्रक्रिया, तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया आदि कुराहरूबारे स्पष्ट पारिएको छ । प्रश्न विश्लेषणका क्रममा विशिष्टीकरण तालिकामा दिइएका शब्दभण्डार, हिज्जे र लेख्यचिह्न, व्याकरण, बोध (अदृष्टांश), बुँदाटिपोट र सारांश लेखन (दृष्टांश), निर्देशित रचना, व्यावहारिक लेखन, स्वतन्त्र रचना, सप्रसङ्ग व्याख्या, पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) र विवेचना क्षेत्रहरूलाई मुख्य आधारका रूपमा लिइएको छ र शब्दार्थ, शब्दज्ञान, वाक्यमा प्रयोग, शुद्धीकरण, शब्दवर्ग, शब्द निर्माण, काल, पक्ष र भाव, वाक्यपरिवर्तन तथा वाक्यसंश्लेषण आदि विधाहरू/परीक्षणीय पक्षहरूलाई उपआधार मानी प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ । यसका साथसाथै पाँचौँ परिच्छेदमा अध्ययनबाट प्राप्त निष्कर्ष र सुधारका लागि आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रमा गरिएको अध्ययनबाट यहाँ शब्दार्थ विधाबाट सोधिएका प्रश्नहरूमा तत्सम, तद्भव, आगन्तुक शब्दहरूको वितरण प्रक्रियामा विशिष्टीकरण तालिकाको स्पष्टीकरणलाई ख्याल नगरिएको, हिज्जे र लेख्यचिह्न विधाबाट छओटा अशुद्धि भएको गद्यांश दिई सच्याउन लगाउने प्रश्नमा अङ्कभारलाई ख्याल नगरी कहीँ पाँचओटा मात्र र कहीँ सातओटा सम्म पनि अशुद्धि दिइएको, शब्दवर्ग विधाबाट सोधिएका प्रश्नहरूमा स्पष्टीकरणमा भनिएजस्तो गरी प्रश्न निर्देशन नदिएको, बोध प्रश्नोत्तर विधाका लागि प्रश्नपत्रमा १५० शब्दसम्मको अदृष्टांश गद्यांश दिनुपर्ने स्पष्ट व्यवस्था विशिष्टीकरण तालिकाले गरेपनि १३३, १३१ शब्दसम्मको अनुच्छेद दिनु उपयुक्त नभएको, बुँदाटिपोट र सारांश लेखन गर्नका लागि दिनुपर्ने दृष्टांश गद्यांश पनि १२९, १३३, १३९ शब्दसम्मको मात्र दिइएको, व्यावहारिक लेखन क्षेत्रबाट सोधिएका प्रश्नहरूमा कार्यालयीय चिठी पनि लेख्न दिइएको, सप्रसङ्ग व्याख्याका लागि दिने विशिष्ट पङ्क्ति पनि रूपक (एकाङ्की) बाट दिइएको र विशिष्टीकरण तालिकाले प्रत्येक प्रश्नको उत्तर लेख्ने छुट्टाछुट्टै समय उल्लेख गरेपनि प्रश्नपत्रमा भने समग्र रूपमा ३ घण्टाको समय मात्र उल्लेख गरिएको कुराहरूलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा विशिष्टीकरण तालिकाअनुरूप प्रश्न निर्माणका लागि आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ । जसमा शब्दार्थ विधाका प्रश्न निर्माण गर्दा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सही वितरणका लागि विशिष्टीकरण तालिकाको स्पष्टीकरणलाई ख्याल गर्नुपर्ने, शब्दवर्ग छुट्याउने प्रश्न दिँदा स्पष्टीकरणमा भनिएजस्तै गरी विद्यार्थीहरूले उत्तर लेखन गर्न सक्ने किसिमले प्रश्न निर्देशन दिनुपर्ने, बोध प्रश्नोत्तर लेखन गर्नका लागि स्पष्टीकरण ध्यान दिँदै एक/दुई वाक्यमा नै उत्तर आउने प्रश्नहरू दिनुपर्ने, बुँदाटिपोट र सारांश लेखन विधाबाट सोधिने प्रश्नका लागि दिइने दृष्टांश गद्यांश दिँदा स्पष्टीकरणलाई ख्याल गर्नुपर्ने, चिठी विधाबाट प्रश्न दिँदा व्यापारिक वा व्यक्तिगत वा निवेदन क्षेत्रबाट मात्र दिनुपर्ने, सप्रसङ्ग व्याख्याका लागि विशिष्ट पङ्क्तिहरू दिँदा निर्धारित विधाबाट मात्र दिनुपर्ने, प्रश्नहरूको उत्तर लेखन गर्नका लागि छुट्याइएको छुट्टाछुट्टै समय र सबै प्रश्नहरूको उत्तर लेखन गर्नका लागि दिइने जम्मा समय दुबैलाई प्रश्नपत्रमा उल्लेख गर्नुपर्ने कुराहरू रहेका छन् ।

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मेरा आदरणीय गुरु गेहेन्द्र खनालको निर्देशनमा तयार पारिएको छ । उहाँले आफ्ना विविध व्यस्तताका बाबजुद पनि समय दिई शोधपत्र लेखनको प्रारम्भदेखि अन्तिम चरणसम्म सही निर्देशन र महŒपूर्ण सुझाव प्रदान गर्नुभएकाले नै यो कठिन कार्य सहज रूपमा सम्पन्न भएको छ । यसका लागि म मेरा आदरणीय गुरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस अध्ययनलाई विषयवस्तुको चयनदेखि यस रूपमा पु¥याउन आफ्नो अमूल्य समय र सुझाव प्रदान गर्नुहुने गुरु दीपक न्यौपाने, अमृत आचार्य र अन्य गुरुहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै शोधकार्यलाई समयमै पूरा गर्न सहयोग गर्ने मेरा बुबाआमा र दाजु टेकनाथ रेग्मीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यसै सिलसिलामा समय प्रदान गरी सहयोग गरिदिनुहुने श्री भानु मेमोरियल इङ्लिस स्कुल, शैक्षिक सार्वजनिक गुठीका प्रधानाध्यापक चन्द्र खुलाल ज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै शोधपत्रको निर्माणमा सतर्कताका साथ कम्प्युटर टाइप गरिदिने कविता कोइरालाप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

पुनश्च : यस शोधपत्रलाई पूर्णरूप दिन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्णलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

**प्रस्तुतकर्ता**

मोहन रेग्मी

एम.एड. दोस्रो वर्ष

सुकुना बहुमुखी क्याम्पस

कोसीहरैँचा, मोरङ

मिति : २०७३/११/०२

# विषयसूची

| | पृष्ठ |
|---|---|
| १. आवरण पृष्ठ | क |
| २. प्रतिबद्धता पत्र | ख |
| ३. सिफारिस पत्र | ग |
| ४. स्वीकृति पत्र | घ |
| ५. शोधसार | ङ-च |
| ६. कृतज्ञताज्ञापन | छ |
| ७. विषयसूची | ज-ञ |
| ८. तालिकासूची | ट |

**परिच्छेद एक**

| क.स. | अध्ययनको परिचय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | | १-३ |
| १.२ समस्याको कथन | | ३ |
| १.३ अध्ययनका उद्देश्यहरू | | ४ |
| १.४ अनुसन्धान प्रश्नहरू | | ४ |
| १.५ अध्ययनको महŒव | | ५ |
| १.६ अध्ययनको सीमा | | ५ |

**परिच्छेद दुई**

**सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा**

| | |
|---|---|
| २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन | ६-७ |
| २.२ सम्बन्धित साहित्यको पुनरवलोकन | ८-१० |
| २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता | १० |
| २.४ अवधारणात्मक ढाँचा | ११ |

**परिच्छेद तीन**

**अध्ययनको विधि र प्रक्रिया**

| | |
|---|---|
| ३.१ अध्ययनको ढाँचा र विधि | १२ |
| ३.२ अध्ययनको क्षेत्र | १२ |

३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका १२
३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया १३
३.५ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया १३

## परिच्छेद चार

## नतिजाको व्याख्या र विश्लेषण

४.१ विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लेषण १४-५४
४.१.१ शब्दभण्डार १५- २१
४.१.१.१ शब्दार्थ १५-१७
४.१.१.२ शब्दज्ञान १७-१९
४.१.१.३ वाक्यमा प्रयोग १९-२१
४.१.२ हिज्जे (वर्णविन्यास) र लेख्य चिह्न २१-२४
४.१.२.१ शुद्धीकरण २१-२४
४.१.३ व्याकरण २४-३४
४.१.३.१ शब्दवर्ग २४-२७
४.१.३.२ शब्दनिर्माण २७-३०
४.१.३.३ काल, पक्ष र भाव ३०-३२
४.१.३.४ वाक्यपरिवर्तन तथा वाक्यसंश्लेषण ३२-३४
४.१.४ बोध (अदृष्टांश) ३४-३६
४.१.५ बुँदाटिपोट र सारांशलेखन ३६-३८
४.१.६ निर्देशित रचना ३८-४०
४.१.७ व्यावहारिक लेखन ४०-४२
४.१.८ स्वतन्त्र रचना ४२-४६
४.१.८.१ वादविवाद, संवाद र मनोवाद ४२-४४
४.१.८.२ निबन्ध ४४-४६
४.१.९ सप्रसङ्ग व्याख्या ४६-४८
४.१.१० पाठगत प्रश्नोत्तर ४८-५२
४.१.१०.१ कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक, जीवनी ४८-५०
४.१.१०.२ तार्किक शिल्प ५०-५२
४.१.११ विवेचना ५२-५४

## परिच्छेद पाँच
## निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ५५-५८
५.२ सुझावहरू ५९-६०
५.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू ६०
सन्दर्भग्रन्थसूची
परिशिष्ट १
परिशिष्ट @

# तालिकासूची


| क्र.स. | तालिकाको शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| तालिका नं. १ | शब्दार्थ विधाका प्रश्नहरूको वितरण | १६ |
| तालिका नं. २ | शब्दज्ञान विधाका प्रश्नहरूको वितरण | १८ |
| तालिका नं. ३ | वाक्यमा प्रयोग विधाका प्रश्नहरूको वितरण | २० |
| तालिका नं. ४ | शुद्धीकरण विधाका प्रश्नहरूको वितरण | २२-२३ |
| तालिका नं. ५ | शब्दवर्ग विधाका प्रश्नहरूको वितरण | २६ |
| तालिका नं. ६ | शब्दनिर्माण विधाका प्रश्नहरूको वितरण | २९ |
| तालिका नं. ७ | काल, पक्ष र भाव विधाका प्रश्नहरूको वितरण | ३१ |
| तालिका नं. ८ | वाक्यपरिवर्तन तथा वाक्यसंश्लेषण विधाका प्रश्नहरूको वितरण | ३३ |
| तालिका नं. ९ | बोध प्रश्नोत्तर विधाका प्रश्नहरूको वितरण | ३५ |
| तालिका नं. १० | बुँदाटिपोट र सारांशलेखन विधाका प्रश्नहरूको वितरण | ३७ |
| तालिका नं. ११ | कथा वा जीवनी लेखन विधाका प्रश्नहरूको वितरण | ३९ |
| तालिका नं. १२ | चिठी विधाका प्रश्नहरूको वितरण | ४१ |
| तालिका नं. १३ | वादविवाद, संवाद र मनोवाद विधाका प्रश्नहरूको वितरण | ४३ |
| तालिका नं. १४ | निबन्ध विधाका प्रश्नहरूको वितरण | ४५ |
| तालिका नं. १५ | कथा, कविता, निबन्ध/प्रबन्ध र जीवनी विधाका प्रश्नहरूको वितरण | ४७ |
| तालिका नं. १६ | कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक र जीवनी विधाका प्रश्नहरूको वितरण | ४९ |
| तालिका नं. १७ | तार्किक शिल्प विधाका प्रश्नहरूको वितरण | ५१ |
| तालिका नं. १८ | कथा, निबन्ध/प्रबन्ध, जीवनी विधाका प्रश्नहरूको वितरण | ५३ |